दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ४८ | बुटवल | २०८२ माघ २८ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday February 11, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउन परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

# नेकपाको चुनावी प्रतिबद्धता पत्र सार्वजनिक :

**‘सुशासन र रोजगारी समाजवादको तयारी’ तथा ‘राष्ट्रियता र लोकतन्त्रको रक्षा हाम्रो जिम्मेवारी’ भन्ने मूल नाराका साथ स्वाधीन र समृद्ध नेपाल निर्माणको मार्गचित्र प्रशुतत गरेको हो।**




**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाली कम्युनिष्ट पार्टीले आगामी २०८२ फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि विस्तृत प्रतिबद्धता पत्र सार्वजनिक गरेको छ।

‘तारा’ चुनाव चिन्ह लिएर मैदानमा उत्रिएको सो पार्टीले ‘सुशासन र रोजगारी समाजवादको तयारी’ तथा ‘राष्ट्रियता र लोकतन्त्रको रक्षा हाम्रो जिम्मेवारी’ भन्ने मूल नाराका साथ स्वाधीन र समृद्ध नेपाल निर्माणको मार्गचित्र प्रस्तुत गरेको हो।

पार्टीले विगतका राजनीतिक परिवर्तनहरूको नेतृत्व आफूले गरेको दाबी गर्दै अब देशको आर्थिक र सामाजिक अवस्था बदल्ने संकल्प गरेको छ। प्रतिवद्धता पत्रमा राजनीतिक स्थिरता, भ्रष्टाचार नियन्त्रण, नयाँ चरणको आर्थिक सुधार र सामाजिक न्यायसहितको समृद्धिलाई प्राथमिकता दिइएको छ।

पार्टीले विद्यमान निर्वाचन प्रणाली खर्चिलो र भ्रष्टाचारलाई बढावा दिने खालको भएको ठहर गर्दै यसमा व्यापक सुधारको प्रस्ताव गरेको छ। प्रतिबद्धता पत्रमा भनिएको छ, ‘जेनजी पुस्ताको मर्म र मुलुकको आवश्यकता अनुरूप शासकीय स्वरूप र निर्वाचन प्रणालीमा परिमार्जन गरिनेछ।’

यसअन्तर्गत सानो आकारको मन्त्रिपरिषद् गठन गर्ने, सांसदहरूलाई विधायकको भूमिकामा मात्र सीमित राख्ने र संघीयताको मर्मअनुसार अधिकारको बाँडफाँट गर्ने योजना अघि सारिएको छ।

सुशासनलाई पार्टीको मुख्य प्रस्थानविन्दु बनाउँदै सार्वजनिक पद धारणा गरेका सबै व्यक्तिको सम्पत्ति छानबिन गर्न एक वर्षको समयसीमा तोकी ‘उच्च स्तरीय सम्पत्ति छानबिन आयोग’ गठन गर्ने प्रतिबद्धता गरिएको छ।

भ्रष्टाचारीको सम्पत्ति राष्ट्रियकरण गर्ने, अख्तियार र शतर्कता केन्द्रलाई एकीकृत गरी शक्तिशाली ‘लोकपाल’ गठन गर्ने र डिजिटल प्रशासनमार्फत सरकारी सेवालाई ‘फेसलेस र पेपरलेस’ बनाउने दाबी गरिएको छ।

आगामी ५ वर्षभित्र दोहोरो अंकको आर्थिक वृद्धिदर (१० प्रतिशत माथि) हासिल गर्ने महत्वाकांक्षी लक्ष्य पार्टीले लिएको छ। हाल २०.१५ प्रतिशत रहेको बहुआयामिक गरिबीलाई ५ प्रतिशतमा झार्ने योजना छ।

प्रतिवर्ष ५ लाख रोजगारी सिर्जना गर्ने, १ लाख रिटर्नी युवालाई उद्यमी बनाउने र वैदेशिक लगानीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्ने नीति लिइएको छ। साथै, उत्पादन लागत कम गरी स्वदेशी उद्योगलाई प्रोत्साहन गर्ने र व्यापार घाटा न्यूनीकरण गर्ने रणनीति तय गरिएको छ।

आगामी दशकलाई ‘कृषि लगानी दशक’ घोषणा गर्दै २ वर्षभित्र प्रमुख खाद्यान्नमा आत्मनिर्भर हुने योजना अघि सारिएको छ। ‘भोकमुक्त नेपाल’ को संकल्पसहित किसान पेन्सन, समर्थन मूल्यको अग्रिम घोषणा र कृषि बिमाको ग्यारेन्टी गरिएको छ।

साथै २ वर्षभित्र भूमिहीन दलित र सुकुम्बासीलाई लालपुर्जा वितरण गरी नेपाललाई सुकुम्बासीमुक्त घोषणा गर्ने प्रतिबद्धता पत्रमा उल्लेख छ।

स्वास्थ्य सेवालाई पूर्णरूपमा निःशुल्क र मौलिक हकको रूपमा कार्यान्वयन गर्ने पार्टीको नीति छ। वि.सं. २०८८ सम्म शतप्रतिशत नागरिकलाई स्वास्थ्य बिमामा आबद्ध गर्ने र नसर्ने रोगहरूको उपचार समुदायस्तरमै पुऱ्याउने योजना छ।

शिक्षातर्फ ‘एक पालिका, एक स्मार्ट विद्यालय’ र विश्वविद्यालयहरूमा राजनीतिक भागबण्डा अन्त्य गरी योग्यताका आधारमा नियुक्ति गर्ने प्रणाली लागू गरिनेछ। खेलकुदलाई समृद्धिको आधार मान्दै खेलाडीको पुरस्कार राशी दोब्बर बनाउने र ५० हजार क्षमताको स्मारक राष्ट्रिय रङ्गशाला निर्माण गर्ने प्रतिबद्धता गरिएको छ।

आगामी ५ वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने र प्रतिव्यक्ति खपत ७५० किलोवाट घण्टा पुऱ्याउने लक्ष्य राखिएको छ। पूर्वपश्चिम राजमार्गलाई चार लेनमा विस्तार गर्ने, काठमाडौंमा मेट्रो रेल र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल ५ वर्षभित्र सम्पन्न गर्ने योजना छ।

पर्यटनतर्फ ‘स्मार्ट टुरिज्म’ र इको-टुरिज्मलाई प्रवर्द्धन गर्दै नेपाललाई अन्तर्राष्ट्रिय वेडिङ र हिल स्टेशन हबका रूपमा विकास गरिने उल्लेख छ।

दलित, महिला, आदिवासी जनजाति, मुस्लिम र सीमान्तकृत समुदायको समानुपातिक प्रतिनिधित्वका लागि संविधान संशोधन गर्ने र जातीय छुवाछुतविरुद्ध राष्ट्रिय अभियान चलाउने पार्टीको संकल्प छ।

परराष्ट्र नीतिका सम्बन्धमा असंलग्नतालाई सुदृढ गर्दै कालापानी, लिपुलेक र लिम्पियाधुरा जस्ता सीमा विवाद कूटनीतिक वार्ताबाट समाधान गर्ने र राष्ट्रिय हितलाई सर्वोपरी राख्ने प्रतिबद्धता पत्रमा उल्लेख गरिएको छ।

घोषणापत्रमा राजनीतिक अस्थिरता अन्त्य गर्न शासकीय स्वरूपमा आमूल परिवर्तनको प्रस्ताव गरिएको छ। नियन्त्रण र शक्ति सन्तुलन हुने गरी शासकीय स्वरूप परिमार्जन गर्ने, मन्त्रिपरिषद्को आकार २५ जनामा सीमित गर्ने र सांसदहरूलाई पूर्णरूपमा विधायकी भूमिकामा मात्र केन्द्रित गर्ने योजना अघि सारिएको छ।

विशेषगरी, सुशासन कायम गर्न २०४६ सालयता सार्वजनिक पद धारण गरेका सबै व्यक्तिको सम्पत्ति छानबिन गर्न अधिकार सम्पन्न आयोग गठन गर्ने र भ्रष्टाचारमा ‘शून्य सहनशीलता’ अपनाउने प्रतिबद्धता व्यक्त गरिएको छ। साथै, सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि एक वर्षभित्र आवश्यक कानुन निर्माण गर्ने र बजेटको ६० प्रतिशत हिस्सा प्रदेश र स्थानीय तहमा पठाउने उल्लेख छ।

संविधानप्रदत्त मौलिक हकको पूर्ण कार्यान्वयनलाई जोड दिँदै पार्टीले शिक्षा र स्वास्थ्यलाई नाफामूलक व्यापारबाट सेवामूलक क्षेत्रमा रूपान्तरण गर्ने प्रतिबद्धता जनाएको छ। स्वास्थ्य बिमालाई १०० प्रतिशत नागरिकसम्म पुऱ्याउने, गरिब तथा विपन्नको प्रिमियम राज्यले व्यहोर्ने र नसर्ने रोगहरूको निःशुल्क उपचारको व्यवस्था गर्ने उल्लेख छ।

शिक्षातर्फ ‘एक पालिका एक स्मार्ट विद्यालय’ को अवधारणा र विश्वविद्यालयहरूलाई राजनीतिक हस्तक्षेपमुक्त बनाउने योजना छ। साथै, दलित, महिला, जनजाति, मधेसी र सीमान्तकृत समुदायको अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षालाई योगदानमा आधारित बनाई जीवनचक्रभर विस्तार गर्ने नीति लिइएको छ।

## रास्वपा सिद्धान्तहीन र भदौ २४ को विध्वंशसँग सम्बन्धित : प्रचण्ड

बुटवल। नेपाली कम्युनिस्ट पार्टीले आगामी निर्वाचनको सन्दर्भमा आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गर्दै मुलुकका राजनीतिक दलहरूलाई चार मुख्य वर्गमा विभाजन गरेको छ।

पार्टीले आफूलाई एकमात्र ‘क्रान्तिकारी शक्ति’ दाबी गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायतका नयाँ शक्तिहरूलाई ‘सिद्धान्तहीन पपुलिष्ट’ र ‘भदौ २४ को विध्वंशकारी तत्व’ सँग सम्बन्धित रहेको गम्भीर आरोप लगाएको छ।

घोषणापत्रमा राजनीतिक शक्तिहरूलाई क्रान्तिकारी, यथास्थितिवादी, पपुलिष्ट र प्रतिगामी पुनरूत्थानवादी गरी चार भागमा वर्गीकरण गरिएको छ।

नेकपाले आफूलाई क्रान्तिकारी शक्तिको रूपमा प्रस्तुत गर्दै समाज रूपान्तरणको स्पष्ट समाजवादी कार्यदिशा भएको दाबी गरेको छ।

अर्कोतर्फ, नेकपा एमाले र नेपाली कांग्रेसलाई ‘यथास्थितिवादी’ को संज्ञा दिँदै उनीहरूसँग मुलुक अगाडि बढाउने कुनै नवीन अवधारणा नभएको टिप्पणी गरिएको छ।

पार्टीले विशेष गरी नयाँ उदाउँदा शक्तिहरू (पपुलिष्ट) माथि प्रहार गरेको छ। घोषणापत्रमा भनिएको छ-‘आफूलाई नयाँ भन्ने पपुलिष्ट शक्ति सिद्धान्तहीन र दृष्टिकोणविहीन छ। यो भदौ २४ को विध्वंश मच्चाउने तत्वसँग जोडिएको शक्ति हो।’

यस्ता शक्तिहरूले मुलुकका समस्या समाधान गर्न नसक्ने र उनीहरू देश र जनताको हितमा नरहेको दाबी नेकपाको छ।

त्यसैगरी, राप्रपालाई ‘प्रतिगामी पुनरूत्थानवादी’ शक्तिको रूपमा चित्रित गरिएको छ। जनक्रान्तिद्वारा उखेलेर फ्याँकिएको सामन्ती राजतन्त्र फर्काउन खोज्ने यी शक्तिहरूले देशलाई पछाडि धकेल्ने चालबाजी गरिरहेको आरोप लगाइएको छ।

विगतका जनसङ्घर्ष र राजनीतिक परिवर्तनको नेतृत्व आफूले गरेको दाबी गर्दै नेकपाले लोकतन्त्र, संघीयता र समावेशी प्रतिनिधित्व जस्ता अधिकारहरू आफ्नै कारण प्राप्त भएको उल्लेख गरेको छ। ‘हामीले व्यवस्था बदल्यौँ, अब अवस्था पनि हामीले नै बदल्नेछौँ,’ भन्दै नेकपाले अरू दलले गफ मात्र गर्ने तर आफूले काम गरेर देखाउने प्रतिबद्धता व्यक्त गरेको छ।

## फागुन ३ भित्र सबै दलले घोषणापत्र ल्याउनुपर्ने

बुटवल। निर्वाचन आयोगले राजनीतिक दलहरूलाई चुनावी घोषणापत्र सार्वजनिक गर्न र निर्वाचन आयोगमा पेस निर्देशन दिएको छ।

आयोगको सोमबार बसेको बैठकले घोषणापत्र पेस गर्न निर्देशन जारी गर्ने निर्णय गरेको हो।

निर्वाचन आयोगका सह-सचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार २१ फागुनमा निर्वाचनमा भाग लिने दलहरूले निर्वाचन आयोगमा चुनावी घोषणापत्र पेस गर्नुपर्ने छ। यसका लागि आयोगले आगामी फागुन ३ गतेसम्मको समय दिएको छ।

‘निर्वाचनमा भाग लिएका राजनीतिक दलहरू तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फका उम्मेदवारहरूले निर्वाचन आचारसंहिता २०८२ को दफा ३७ बमोजिम संवत् २०८२ साल फागुन ३ गते भित्र निर्वाचन घोषणापत्र सार्वजनिक गरी राजनीतिक दलले निर्वाचन आयोगमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्न राजनितिक दलसम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम निर्देशन दिइएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ।’- आयोगले निकालेको विज्ञप्तिमा उल्लेख छ।

# रूपन्देहीमा निर्वाचन प्रहरी फिल्डमा खटिंदै



**मोहम्मद हबिब**
*भैरहवा*

रूपन्देहीमा परिचालन हुने निर्वाचन प्रहरीलाई बुधबारबाट फिल्डमा खटाइने भएको छ। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रूपन्देही प्रहरीले ४ हजार १६ जनालाई छनोट गरी १० दिने प्रशिक्षणपश्चात् फिल्डमा खटाएको हो।

जिल्लाको विभिन्न १३ प्रहरी युनिटमा निर्वाचन प्रहरीलाई तालिम दिइएको हो। जिल्लामा शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउने लक्ष्यसहित तालिम प्रदान गरी फिल्डमा खटाइएको हो ।

उनीहरूलाई निर्वाचन र निर्वाचन प्रणालीबारे कक्षा, सैद्धान्तिक र व्यवहारिक पक्ष, निर्वाचन आचारसंहिता, गर्न हुने र नहुने कुराबारे जानकारी, प्राप्त गर्ने सेवा सुविधा, प्रहरीको कवाज, शारीरिक व्याम, प्राथमिक उपचारको बारेमा युनिभर्सल मेडिकल कलेजको प्रविधिक सहयोगामा र प्रहरीको विज्ञ प्रशिक्षकबाट प्रशिक्षण दिइ सम्बन्धित स्थानमा निर्वाचनको लागि खटाइने जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रमुख एसपी जनकबहादुर शाहीले बताए।

निर्वाचन प्रहरी तालिमका क्रममा निर्वाचन सुरक्षालाई प्रभावकारी बनाउन मतदान प्रक्रियाबारे नमूना अभ्यास समेत गराइएको थियो। रूपन्देहीमा नेपाल प्रहरीतर्फ ४ हजार १९ जना प्रहरी माग गरेकोमा ४ हजार १६ जनालाई भर्ना गरी १० दिनको प्रशिक्षण दिइएको छ भने सशस्त्र प्रहरीतर्फ ४ सय ७८ जना निर्वाचन प्रहरी भर्ना गरी प्रशिक्षण दिइएको हो। जिल्लामा कुल ४ हजार ४ सय ९७ जना निर्वाचन प्रहरी माग गरिएको हो।

जिल्लामा स्वीकृत निर्वाचन प्रहरी भर्ना, छनोट, नियुक्ति तथा परिचालनसम्बन्धी एकीकृत (नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल) कार्यविधि २०८२ अनुसार निर्वाचन प्रहरी भर्ना गरिएको हो। निर्वाचनको सुरक्षा व्यवस्थापन थप चुस्त, प्रभावकारी र व्यवस्थित बनाउन निर्वाचन प्रहरी भर्ना गरिएको हो।

नियमिततर्फका सुरक्षाकर्मीबाट जनशक्ति अपुग भएपछि सरकारले नेपाल प्रहरी र सशस्त्र प्रहरीमार्फत् ४० दिनको म्यादका लागि निर्वाचन प्रहरी परिचालन गर्छ। ५ निर्वाचन क्षेत्र रहेको रूपन्देहीमा निर्वाचन क्षेत्रमा तैनाथ गर्नेछ। निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समिति रूपन्देहीले नेपाल प्रहरी र सशस्त्र प्रहरीका नेपालका लागि एकीकृत सूचना प्रकाशित गर्दै योग्य नेपाली नागरिकबाट दरखास्त आह्वान गरेर छनोट गरी छुट्टाछुट्टै प्रशिक्षण गरेको हो। निर्वाचन प्रहरी भर्ना छनोटका लागि सम्बन्धित जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा भर्ना छनोट समिति बनाइएको थियो।

भर्ना भएका उनीहरू प्रहरीकै चेन अफ कमाण्ड र सशस्त्रअन्तर्गत खटिनेले सशस्त्रले चेन अफ कामाण्डमा रहनु पर्ने छ। उनीहरूलाई एक कार्यक्रमबिच प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुखलगायतले शुभकामना दिँदै उच्च मनोबलका साथ अनुशासित भएर जिम्मेवारी निर्वाह गर्न आग्रह गरे। निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन प्रहरीको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ, त्यसका लागि व्यवहारिक अभ्यासमार्फत् जनशक्तिलाई दक्ष बनाइएको हो। तालिमबाट प्राप्त सीप र ज्ञानलाई वास्तविक कार्यस्थलमा इमानदारीपूर्वक प्रयोग गर्न निर्देशन दिँदै निर्वाचन सुरक्षामा कुनै कमजोरी हुन नदिने बताए।

निर्वाचनको दिन शान्ति सुरक्षा कायम राख्ने उद्देश्यले गरिएको सो अभ्यासमा मतदान केन्द्रको सुरक्षा व्यवस्थापन, भीड नियन्त्रण, मतदाता सहजीकरण, आकस्मिक अवस्था व्यवस्थापन तथा कानुनी दायित्वका विषयमा व्यावहारिक अभ्यास गराइएको थियो। अभ्यासका क्रममा मतदान स्थल वरपरको सुरक्षा घेरा, प्रवेश निर्गमन व्यवस्थापन तथा संवेदनशील परिस्थितिमा अपनाउनुपर्ने कार्यविधिबारे स्पष्ट निर्देशन दिइएको छ।



# सम्पादकीय

## आचारसंहिता पालनामा दलहरू इमान्दार बन

निर्वाचन आचारसंहिता मिचेर राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले सोमबार र मंगलबार रूपन्देही र नवलपरासीका दुई दर्जन बढी ठाउँमा कोणसभा गरे। रूपन्देहीका मुख्य निर्वाचन अधिकृतकाअनुसार लामिछानेले सोमबार रूपन्देहीमा रोड सोमात्रै गर्ने गरी अनुमति पाएका थिए। तर उनले विभिन्न स्थानमा सभा गर्दै चुनावी भाषण गरेका थिए। विभिन्न स्थानमा परिचयात्मक भेटघाट गर्ने र सभा तथा सम्बोधन नगर्ने गरी लामिछानेलाई अनुमति दिएको थियो। तर लामिछानेले निर्वाचन आचारसंहिताविपरीतका गतिविधि गरे। रास्वपाका कार्यकर्ताहरूले आचारसंहिताविपरीत र्‍याच र चुनाव चिन्ह घण्टी बजाउँदै बिहानैदेखि रूपन्देहीका ५ वटै निर्वाचन क्षेत्रको विभिन्न भागमा दर्जनौ गाडीको लस्करसहित र्‍याली र सभा गरे।

सुप्रिम सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दाको तारिख बुझ्न सोमबार जिल्ला अदालत रूपन्देही आएको मौकामा लामिछानेले रूपन्देहीका ५ वटा निर्वाचन क्षेत्रका दुई दर्जन स्थानमा पुगेर केही ठाउँमा समर्थकहरूलाई सम्बोधनसमेत गरेका थिए। त्यस्तै कार्यक्रम मंगलबार पश्चिम नवलपरासीमा पनि तय गरेका थिए। तर जिल्ला प्रशासन कार्यालयले सूचना जारी गरी 'निर्वाचन आचारसंहिताविपरीत' कार्यक्रम नगर्न भनेको थियो। तर प्रशासनको सूचनालाई समेत लामिछाने र उनको दलले बेवास्ता गरेको पाइएको छ।

पश्चिम नवलपरासीका सहायक प्रमुख जिल्ला अधिकारी एवम् निर्वाचन आचारसंहिता अनुगमन अधिकृतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको 'जनसम्पर्क तथा घण्टी अभिवादन कार्यक्रम' ले निर्वाचन आचारसंहिता २०८२ आकर्षित हुने भएकाले निर्वाचन आचारसंहिताविपरीतका गतिविधि नगर्न/नगराउन आग्रह गरेको थियो। प्रशासनको सूचनाका कारण लामिछानेले नवलपरासी र रूपन्देहीमा जस्तो आचारसंहिताविपरीतका धेरै भाषण गरेनन्।

अन्य दलका उम्मेदवारले पनि निर्वाचन लक्षित साना तिना कार्यक्रम गरेका छन्। तर रास्वापले जस्तो प्रचार गरेरै आचारसंहितालाई उल्लंघन गरेको गुनासो आएको छैन। जे होस् आचारसंहिता कार्यान्वयनमा कडाइ गर्नुपर्नेमा निर्वाचन कार्यालयले अनुमति दिँदा नै चुकेको देखिन्छ। त्यसमा पनि नयाँ र वैकल्पिक भनिएको र सुशासनको चर्को नारा उराल्ने दलले आचारसंहिता पालनामा इमान्दार नभई बल मिच्याई गर्नु राम्रो होइन। रूपन्देही, नवलपरासीलगायत विभिन्न जिल्लामा देखिएका श्रृंखलाबद्ध घटनाले रास्वपा निर्वाचन आचारसंहिता पालना गर्न उदासिन देखिएको टिप्पणी भएको छ। निर्वाचन आचारसंहिताअनुसार फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि राजनीतिक दलहरूलाई फागुन ४ देखि १८ गतेसम्म १५ दिन मात्र प्रचारको अवधि तोकिएको छ। निर्वाचन आयोगले सभा, जुलुस, कोणसभा, र्‍याली, माइकिङका माध्यमले चुनावी प्रचारप्रसारका लागि उक्त समय तोकेको हो।

निर्वाचन आचारसंहिताअनुसार फागुन ४ गतेअघि दलहरूले सभा, जुलुस, र्‍याली, कोणसभाजस्ता प्रचारप्रसार गर्न पाउँदैनन्। प्रचारका लागि तोकिएको अवधिमा दलहरूले जुलुस, आमसभा वा कोणसभा गर्न, सञ्चारमाध्यममा कुनै प्रकारको प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न, निर्वाचन प्रचारप्रसार गर्न सक्ने व्यवस्था आचारसंहितामा उल्लेख गरिएको छ। आचारसंहिताअनुसार निर्वाचनको ४८ घन्टाअघि भने मौन अवधि लागु हुनेछ। त्यसअनुसार फागुन १९ र २० गते मौन अवधि लागु गरिएको छ। आयोगकाअनुसार माघ ४ गते राति १२ बजेदेखि निर्वाचन आचारसंहिता लागु भइसकेको छ। अर्को सूचना प्रकाशन नभएसम्म आचारसंहिता लागु हुने आयोगले प्रस्ट पारेको छ।

निर्वाचन अचारसंहिता उल्लंघनका घटनाप्रति जिल्ला निर्वाचन कार्यालयलगायत सम्बन्धित निकायहरूको गम्भीर ढंगले ध्यान जानुपर्दछ। उल्लंघन गर्नेमाथि कानुनअनुसार कारबाही हुनुपर्दछ।

# मध्यावधिको वस्तुगत ऐना : सत्ताको स्वाद र मतदाताको 'आत्मदान'



नकुल काजी

अहिलेका वाकयुद्ध र भीडको प्रतिस्पर्धालाई मानक मानिरहेका अधिकांश उम्मेदवारको नृत्य हेरिरहँदा भने यो चुनावबाट लोक-अपेक्षित संसद् बन्ला र त्यसले सोहीबमोजिम देशको कार्यकारी निकायहरू निर्माण गर्ला भन्नेमा ढुक्क हुने स्थितिचाहिँ कल्पनामै रुमल्लिरहेको छ। किनभने, सत्ताको स्वादमा पल्केर पलापिएका जिब्राहरू दुर्दमनीय देखिँदा छन् - जसको वस्तुगत वर्णन छोटो र सरल सम्भव पनि छैन।

आगामी फागुन २१ गते हुने मध्यावधि चुनावका उल्लेख्य उम्मेदवारहरू र तिनका पृष्ठपोषक तथा नेता-अगुवाहरूकै प्रस्तुति अबोधगम्य प्रतीत हुँदैछ। यस्तो अनुभवहरूको भावभूमिमाथि उभिएर समसामयिक परिस्थिति अथवा गुज्रिरहेको ताजा स्थितिका प्रति इमानदार र पक्ष-निरपेक्ष टिप्पणी लेख्ने स्वभावको कलमलाई यस विषयको मीमांसा गर्न गाह्रै हुन्छ। किनभने, यस्ता कलमका टिप्पणीहरू 'सत्य'-को स्तुत्य सर्वोपरिताका सामू बेइमान हुन सक्तैन र मौजूदा परिस्थितिका स्थापक र संवाहकको कोपभाजनमा पर्ने गर्छन्। हाम्रो देशमा चलिरहेको मात्र होइन, वर्तमान विश्वकै राजनीतिमा लोकका प्रतिको निश्छल सहिष्णुता र सुधार-लक्षित टिप्पणी बुझ्ने र कदर गर्ने सदाशयको अभाव त बढ्दो अवस्थामा छँदैछ!

हाम्रो देशको ताजा परिस्थिति मध्यावधि चुनावका सकारात्मक-नकारात्मक ज्वारभाटाले निर्मम गिजोल्लिरहेको छ र यसको अग्र-कारक बनेर मौजूदा व्यवस्थालाई यहाँसम्मको समय आलोपालो जोतभोग गरिआएका दल र तिनका हुकुमी दलपति-कार्बारीहरूको निर्विवेकी अह्रन-खटन, निर्विघ्न हुन पाउँदै आएका चलखेल र अन्ध-वैयक्तिक स्वार्थ नै हुन्। यसका साथै, चुनावको समयमा तिनै मुखिया-दलपतिका विशेष कृपाले उम्मेदवार बने-बनाइएका कतिपयका बनावटी चेहरा र तिनले पाठ गर्ने विकास, उन्नति र समृद्धिका सपनाका साहित्यहरूबाट अधिकांश मतदाता मोहित हुनु पनि उल्लिखित बिथोल्याइँ सहजाउन सहायक बन्नु हो। यी दुई मुख्य कारणका कारण नै संस्थागत सुधार, शासकीय क्रियाकलापमा पारदर्शिता, राज्यको निर्देशक सिद्धान्तगत नीति-विधि र मतदाता-नागरिकका अपेक्षाको सम्पूरण जस्ता विषय, जो अभ्यासमा रहने लोकतन्त्रका सारभूत विषय हुन्। तर, व्यवहारमा आकृत हुन पाइरहेका छैनन्।

अर्थात्, देशको कार्यकारी हकमा स्थापित भएपछि यसका प्रशासनिक, व्यवस्थापकीय र न्यायिक अंगहरू, तिनका सबै कित्ताका पाइला-पाइलासम्म कब्जा गरी तिनमा आफ्ना अरौटे-भरौटे 'हजुरीहरू' भरेर पैतृक बपौती किंवा हुकुम बिना नहल्लिने सामन्तयुगीन किल्ला-किपट बनाई आफू दुर्दम्य मालिक बन्ने स्वप्नद्रष्टाहरू नचिनिएका छैनन्। यसो हुँदा मूलतः, गणतन्त्र स्थापनापछि विशेषतः पछिल्लो शासनकालयता 'देशको घोषणा' मानिने 'संविधान'-को परोक्षतः चरम अवज्ञा पनि भइरहेको हो। 'जनताको स्मरण छोटो हुन्छ' भन्ने देशका नेगियार भइआएकाहरूको बुझाइमाथि 'सालाखाला जनता'-मा गनिने औसत मतदाताका लघुताभास पनि थपिने गरेका पनि सन्दर्भ पनि उल्लेख्य नै छन्। अझ स्वार्थमा सरेआम ढुन्मुनिने, असंवेदनशील र लम्पसार जुठेहरूको स्वार्थप्रेरित कठोर-क्रूर प्रवृत्तिगत बकवेदान्तका सामू, नबुझेर वा बुझेर पनि, निर्धो देखिने र तिनका हाँकलाई डरको रूपमा मनभित्र राख्ने रक्षात्मक मनोभावका भूइँ नागरिक-मनोविज्ञान नेपाली समस्या मात्र होइन। यस्ता नागरिकले मतदाताको रूपमा 'मतदान' गर्दा 'आत्मदान' गरिरहने भावनात्मक बाध्यता हुनु पनि त्यही नेपाली मनोविज्ञानको संक्रमित परिणाम हो, जो पनि नेपालको मात्र समस्या होइन।

वर्तमान परिवर्तनको उपस्थापक पुस्ताले पक्कै पनि, उपर्युक्त किसिमबाट कुरूप हुने गरेको शासकीयशैलीको विकल्प खोजेका थिए। अथवा, खोजिएको विकल्प सत्तासीनका अनुहारको विकल्प मात्र नभई विचार, बेहोरा, स्वभाव आदिको परिवर्तन नै थियो। यो कुराको परावर्तन नागरिकका जीवन-दैनिकीमा परेको उनीहरू (नागरिक)-ले आ-आफ्नै किसिमले बुझेको 'जन-मानस'-का स्वरूप अहिले जाग्रत देखिँदो छ। परन्तु, 'मनोवैज्ञानिक डर'-ले त्यो जागरणलाई पराजित गरिरहेको बुझ्न पनि धेरै गाह्रो छैन।

अन्ततः हालको चुनावी ताप दैनन्दिन रन्किँदै गइरहेको समय-सन्दर्भमा समाजका सबै कित्तामा 'समर्थन'-का गर्जनहरूले विरोधको ध्वनिलाई जितिरहेको अवस्था पनि नहुन सक्तैन। यद्यपि मूलतः विचार, कार्यशैली, कर्त्तव्यका प्रतिको दृष्टिकोण, निष्पक्षता, संवेदनशीलतादेखि राष्ट्रको अस्मिताप्रतिको अपेक्षा बुझ्ने भूइँवासी नागरिक विश्वमा कहीँ पनि अपेक्षित रूपमा मुखर हुँदैनन्। तर, आफ्ना जीवन दैनिकीसँग सम्पृक्त विषयहरूमा आफ्ना कञ्चन अनुभवहरूले के भन्छन्? यदि ती अनुभवहरू तीता छन् भने त्यसको कारक को वा को-को हुन्; तिनलाई पन्साउने अद्वितीय मौकाको प्रयोजनकै लागि चाहिँ चुनाव हुने हो। त्यसकारण चुनावमा मतदाता चंख हुनै पर्दछ - जो नै यस्ता राष्ट्रिय मुद्दाअन्तर्गत हारजीतको उछिन-पाछिनहरूमा सर्वाधिक प्रभावकारी र कामयाब सिद्ध हुने हुन्छ।

य स थ ँ , परिवर्तनका प्रस्ताव-वाहकहरूले चुनावमा मतदाताहरूलाई असल चारित्रिक, नागरिकका हार्दिक हितचिन्तक र राष्ट्रको शाख बढाउने भावना र क्षमता भएका उम्मेदवारलाई मत दिएर जिताउने मार्ग निर्देश गर्न, कुनै अन्य आपसी अल्मल र खल्बलमा नलागी, अग्रसर हुनु पर्ने बेला पनि यही नै हो। र, यही नै हो- गत भदौ २३-२४ को विद्रोहको सार्थक परिणाम कोरल्ने निर्विकल्प एवम् संवरणीय भविष्यगामी बाटो पनि।

विश्व-प्रचलित नजीर 'आवश्यकताको सिद्धान्त'-ले बनेको मौजूदा आवधिक सरकारले फागुन २१ मा गराउन गइरहेको चुनाव हुनै नदिने जस्तो अप्रिय र अलोकतान्त्रिक धमास लल्कार्दै आएकाहरू वा आफूहरू पराजित हुने लक्षण देख्नासाथ आफूहरूले कुनै कारणवश 'बहुमत ल्याउन नसके यो चुनाव नै अस्वीकार गर्ने' जस्ता अशोभनीय तानाशाही शैलीको, यो वर्तमानको राजनीतिका लागि, सर्वथा विलोम स्वरहरू पनि सामाजिक सञ्जालमा 'सस्वर' आउन थालेका छन्। तर, तिनैहरू नै फेरि बाहुबलीहरूका जत्थाले सुरक्षित हन्जामा बगालिएर मतदाताका घर-दलानमा पनि देखिँदैछन्! तर, राजनीतिक ठालू कहलिने व्यसनले ग्रस्तहरूका यस्ता सफासफी द्वैध चरित्रको निर्लज्ज प्रदर्शन पहिले-पहिले घोरिने विषय बनेका थिए भने अहिले देशव्यापी हाँसोको विषय बनिरहेको छ! र, यस्ता हाँस्योद्पादक विषयसँग सिधै जोड्न सकिने कथनहरू जम्मैलाई 'नकच्चराको ओखति हुँदैन' उखानमा समाहित गर्दै खिल्ली उडाउन थालिएको पनि देखिन्छ।

अन्ततः सम्बन्धित पात्रबाट प्रस्तुत यस्ता उल्टापाल्टा हाँस्य-प्रकरणहरूका अक्कडा बखेडाहरूले जति नै व्यवधान खडा गर्न कन्दनी कसे पनि, त्यसको विपक्षी जन-भावप्रकरणहरूले आसन्न चुनावको वातावरणलाई चाहिँ झन्-झन् बलियो बनाउँदै लगेको छ। यसबाट नागरिकका सबै तप्काले 'कुरो' बुझेको स्पष्ट भान हुन्छ। देश र देशबासीका उम्दा समस्याहरू गिजोलेर स्वार्थको भारी कस्तै आएका र फेरि त्यही भविष्यको सपना हाँकिरहेका जब्बर, घमण्डी र अहंकारी शक्ति-सम्बर्द्धित धाक-आवर्तन पनि निर्बल हुने रहेछ भन्ने कुराको अनुमोदनमा जनमत निर्वाध सफल हुन्छ-हुँदैन भन्ने मात्र अहिले प्रतीक्षाको मुख्य विषय बनेको छ।

हुन त अहिलेका वाकयुद्ध र भीडको प्रतिस्पर्धालाई मानक मानिरहेका अधिकांश उम्मेदवारको नृत्य हेरिरहँदा भने यो चुनावबाट लोक-अपेक्षित संसद् बन्ला र त्यसले सोहीबमोजिम देशको कार्यकारी निकायहरू निर्माण गर्ला भन्नेमा ढुक्क हुने स्थितिचाहिँ कल्पनामै रुमल्लिरहेको छ। किनभने, सत्ताको स्वादमा पल्केर पलापिएका जिब्राहरू दुर्दमनीय देखिँदा छन् - जसको वस्तुगत वर्णन छोटो र सरल सम्भव पनि छैन। त्यसैले, आजलाई यत्ति नै।

घटना र विचारबाट

# नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो



काठमाडौँ। नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा मंगलबार दोहोरो अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक १० दशमलव २५ अङ्कले घटेर दुई हजार ६६२ दशमलव १४ को बिन्दुमा कायम भएको हो।

३२४ कम्पनीको दुई करोड १७ लाख १५ हजार ८६८ कित्ता शेयर ८९ हजार ८३६ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ६१ करोड ६४ लाख १० हजार १३२ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा म्युचुअल फन्ड शून्य दशमलव १९ र व्यापार समूह शून्य दशमलव ५२ प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ। बैंकिङ शून्य दशमलव ०९, विकास बैङ्क एक दशमलव १५, वित्त शून्य दशमलव ९२, होटल तथा पर्यटन शून्य दशमलव ४८, जलविद्युत् शून्य दशमलव २५ र लगानी समूह शून्य दशमलव ५४ प्रतिशतले घटेको छ।

त्यस्तै, जीवन बिमा शून्य दशमलव ७६, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६५, लघुवित्त शून्य दशमलव ४९, निर्जीवन बिमा शून्य दशमलव ६१ र अन्य समूह शून्य दशमलव ३५ प्रतिशतले घटेको छ।

कारोबारमा कालीञ्चोक दर्शन लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै छ दशमलव ३६ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने कर्पोरेट डेभलपमेन्ट बैङ्क लिमिटेडको शेयर मूल्य पाँच दशमलव २४ प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको रु ४५ करोड २८ लाख ४२ हजार ४९२ बराबरको १५ लाख ३० हजार ८८८ कित्ता शेयर किनबेच भएको छ।

# रक्तचाप के हो ? यस्ता छन् नियन्त्रण गर्ने ६ प्रमुख उपाय

डा. केएन पौडेल

रक्तचाप भनेको मुटुले पम्प गरेको रगतले रक्तनली (धमनी) को भित्तामा कति बल वा दबाब दिन्छ भन्ने मापन हो। यो शरीरको सामान्य कार्यका लागि आवश्यक छ, तर यो धेरै बढी वा कम हुनु स्वास्थ्यका लागि हानिकारक हुन सक्छ। रक्तचाप नाप्दा सधैँ दुईवटा संख्याहरू देखाइन्छ, जस्तै १२०/८०, यसको मापन मिलिमिटर मरक्युरीमा (**mm HG**) गरिन्छ।

माथिल्लो अंक (सिस्टोलिक रक्तचाप)ः यो मुटु खुम्चिएर रगतलाई धमनी अथवा रक्तनलीमा धकेल्दा सिर्जना हुने दबाब हो।

तल्लो अंक (डायस्टोलिक रक्तचाप)ः मुटु दुई धडकनको बीचमा आराम गरिरहेको बेला पनि धमनी अथवा रक्तनलीमा अलिकति दबाब बाँकी रहन्छ, त्यसलाई डायस्टोलिक रक्तचाप भनिन्छ।

**सामान्य रक्तचाप कति हो ?**

सामान्यतया एक स्वस्थ वयस्क व्यक्तिको रक्तचाप १२०/८० mmHg भन्दा कम हुनुपर्छ। यदि रक्तचाप लगातार १४०/९० mmHg वा सोभन्दा बढी रहिरहन्छ भने यसलाई उच्च रक्तचाप मानिन्छ।

धेरै बिरामी के कुरामा झुक्किनुहुन्छ भने तल माथिको मध्ये कुन प्रेसर बढी खतरनाक हुन्छ, तर पछिल्ला अनुसन्धानले के देखाएको छ भने दुईटै प्रेसर बराबर खतरा हुन्छन्। अझै कुनै एउटा मात्र प्रेसर बढेको छ भने पनि उपचार गर्नु अत्यावश्यक छ।

**उच्च रक्तचाप किन खतरनाक छ ?**

उच्च रक्तचापलाई साइलेन्ट किलर पनि भनिन्छ किनभने धेरैजसो मानिसमा सुरुमा कुनै लक्षण देखिँदैन। लक्षण नदेखिए पनि यसले शरीरका महत्वपूर्ण अंगहरूलाई भित्रभित्रै क्षति पुऱ्याइरहेको हुन्छ।

कालान्तरमा यिनै असरहरु जम्मा भएर ठूलो र भयानक रुप पनि लिन सक्छ, हामीले जानेबुझेका केही दीर्घकालीन असरहरु निम्न हुन सक्छन्

- हृदयघात
- मस्तिष्कघात
- मिर्गौला फेल
- आँखाको दृष्टिमा समस्या

**रक्तचाप कसरी नियन्त्रण गर्ने ?**

रक्तचाप नियन्त्रण गर्न स्वस्थ जीवनशैली अपनाउनु र नियमित स्वास्थ्य जाँच गर्नु महत्त्वपूर्ण हुन्छ।

**नुन कम खाने:**

दैनिक ५ ग्रामभन्दा कम नुन सेवन गर्नु शरीरको लागि उत्तम हुन्छ। व्यवहारिक रुपमा भन्नुपर्दा जंक फूड र घर बाहिर बनाइएका अथवा प्याकेटमा पाइने कुराहरुमा नुनको मात्रा धेरै हुन्छ।

साथै नुन लागेन भनेर पछि थप्दा नूनको मात्रा धेरै पर्न जान्छ।

मासु, अचार जस्ता परिकार खाईदा पनि नुन धेरै खान सकिन्छ, यस्तो कुरा बढीमात्रामा खाँदा विशेष ध्यान पुऱ्याउनुपर्छ।

**तौल:**

यदि तपाईंलाई उच्च रक्तचाप छ भने, तपाईंको तौल घटबढ हुँदा रक्तचाप पनि घटबढ हुन सक्छ। यसैले तौल घटाउनको लागि कार्बोहाइड्रेट कम खाने, जंक फूड नखाने र पेय पदार्थ लगायत जांड-रक्सी नखानु शरीरलाई उत्तम हुन्छ।

**नियमित व्यायाम:**

दैनिक लगभग ३० मिनेट मध्यम खालको शारीरिक गतिविधि गर्नाले तपाईंलाई स्वस्थ्य राख्न मद्दत गर्छ। तर यसरी व्ययाम गर्दा खेरी सास केही मात्रमा छिटो बढोस् अथवा थकान लागोस् भनेर विशेष ख्याल राख्नु पर्ने हुन्छ।

छिटो-छिटो हिंड्ने र दगुर्ने बाहेक, पौडी खेल्ने, जीम जाने, वा ब्याडमिन्टन खेल्ने जस्ता सामान्य क्रियाकलापले पनि उच्च रक्तचापलाई केही मात्रमा नियन्त्रण गर्न सक्छ। व्यायाम गरेर तौल नघटे पनि यसले तपाईंको शरीरलाई अन्य फाइदा गर्छ र दीर्घकालिन असरबाट जोगाउन मद्दत गर्छ।

**स्वस्थ आहार:**

प्रशस्त फलफूल, सागसब्जी र कम बोसोयुक्त खानेकुरा खानु पनि उच्च रक्तचापको बिरामीको लागि फाइदाजनक हुन्छ। दूध, दही पनि उच्च रक्तचापको लागि राम्रो नै हुन्छ।

यो बाहेक धूम्रपान, मद्यपान त्याग्ने र तनाव व्यवस्थापन गर्ने कुरामा पनि विशेष ध्यान दिनुपर्छ।

**नियमित जाँच:**

यति सबै गर्दा गर्दै पनि हजुरको रक्तचाप उच्च हुन सक्छ, उच्च रक्तचाप आफूलाई भएको नभएको थाहा पाऊनको लागि नियमित चेक-जाँच गराएर ढुक्क हुनै पर्छ। ३५ वर्ष काटेका वयस्कहरूले वर्षमा २ पटक आफ्नो रक्तचाप जचाउनै पर्छ।

तर यदि तपाईंलो बुवा आमा अथवा काका-मामामा उच्च रक्तचाप छ भने अझै सानो उमेरबाट पनि तपाईंलाई उच्च रक्तचाप देखिन सक्छ।

तपाईंले आज खाने रक्तचापको औषधिले पाँच वा दश वर्षपछिको समयमा पक्षघात, हृदय रोग र अन्य जटिलताहरूबाट जोगिन मद्दत गर्छ।

धेरै मानिसहरूले सोंच्छन् कि उच्च रक्तचापको औषधिले मृगौलालाई नोक्सान पुऱ्याउन सक्छ, तर यो सत्य होइन।

केही बिरामीमा उच्च रक्तचापको औषधी सेवन गरेपछि शरीर सुन्निने, चक्कर लाग्ने जस्ता सामान्य खराब असरहरु देखीन सक्छ, यस्तो भएमा आफ्नो चिकित्सकलाई तुरुन्त सम्पर्क राख्नुहोला।

स्वास्थ्य खबरबाट

# मौरीपालक किसानलाई आइपिएम पाठशाला



चितवन । जिल्लाका मौरीपालक किसानका लागि आइपिएम कृषक पाठशाला सञ्चालन गरिएको छ । मौरीपालन विकास केन्द्र भण्डाराले राप्ती नगरपालिकामा मौरीपालन गर्ने १४ किसानलाई पाठशालामार्फत् मौरीपालन व्यवसायमा लाग्ने रोग किरा व्यवस्थापनसँगै विषादीले मौरीमा पार्ने असरका बारेमा ज्ञान दिएको हो ।

कार्यालयका प्रमुख सुजन अङ्गाईका अनुसार गत भदौदेखि सुरु गरिएको पाठशालामा मौरीको जीवन चक्र, मौरीको कृत्रिम आहारहरु, मौरीमा लाग्ने रोग किरालगायत मौरीको परागसेचन भूमिकाका विषयमा कृषकलाई जानकारी गराइएको थियो ।

पाठशालामा मौरीमा रोग किराको व्यवस्थापन घरेलु तथा प्राङ्गारिक तरिकाले कसरी गर्न सकिन्छ भन्ने विषयमा समेत ज्ञान दिइएको थियो ।

मौरीमा लाग्ने किरा तथा रोगको समाधानका लागि विभिन्न घरेलु औषधिहरु जस्तै बोझो, कडिपत्ता, गिदरी, अमलाको झोलको प्रयोग गर्न सकिने कक्षामा जानकारीसहित प्रयोगात्मक तवरले समेत देखाइएको छ । मौरीमा सुलसुले, मैनपुतली, खपटे, युरोपियन फाउल ब्रुर्ड, नोसेमा (पखाला) जस्ता रोग किराहरु लाग्ने हुँदा यसलाई व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने विषयमा पाठशालामा जानकारी गराइएको थियो ।

पाठशाला १६ हप्तासम्म सञ्चालन हुनेछ । तालिममा सहभागीमध्ये लक्ष्मण थापा यस पाठशाला किसानका लागि उपयुक्त भएको बताउँछन् । उनका अनुसार मौरीबाट हुने फाइदा, बेफाइदाका कुरासँगै व्यावसायिक रुपमा मौरीपालन गर्नलाई सहजीकरण पाठशालाले पुगेको छ । उनले भने–"धेरै कुरा सिक्यो र सिक्दैछौँ । यसलाई व्यवहारमा उतार्न हामी लाग्छौँ ।" अहिले आफूले तीन घार मौरीपालन गर्दै आएको तालिमपछि यो संख्या बढाउँदै व्यावसायिक गर्ने योजना रहेको उनले बताए ।

जिल्लामा व्यावसायिक रुपमा मौरीपालन गर्ने किसानको संख्या ४५० जना रहेका छन् । यहाँ १९ हजार ५०० घार संख्या रहेका छन् । ती घारबाट वार्षिक ५०० मेट्रिकटन मह उत्पादन हुँदै आएको कार्यालयले जनाएको छ । जसमध्ये चिउरी र तोरीको मह ७५ प्रतिशत उत्पादन हुने गरेको छ । बाँकी २५ प्रतिशत रुदिलो, फापर, लिच्ची, पड्केलगायतका स्रोतबाट मह उत्पादन हुँदै आएको छ ।

# एक करोड ३७ लाख ९१ हजार मतपत्र छापिए



बुटवल । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ४७ जिल्लाका ११० निर्वाचन क्षेत्रका एक करोड ३७ लाख ९१ हजार मतपत्र छापिएका छन् ।

निर्वाचन आयोगका अनुसार डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्ल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्ता पश्चिम (नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुम पूर्व, दाङ र बाँकेका मतपत्र छापिएका हुन् । दैनिक १५ लाख मतपत्र छपाइ भइरहेको छ ।

यसैगरी, समानुपातिक निर्वाचन प्रणालीतर्फ दुई करोड आठ लाख ३० हजार मतपत्र छापिइसकेका छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्नेछ ।


## CHHATRADEV RURAL MUNICIPALITY
### OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
### CHHATRAGUNJ, ARGHAKHANCHI
**Invitation For National Competitive Bidding**

## Invitation for Bids

Date of publication: 11th February, 2026 (2082/10/28 BS)
Invitation for Bids No: CRM/ARG/NCB/G/07/082/83

1. The Chhatradev Rural Municipalityinvites electronic bids from eligible bidders for the procurement of Supply and Delivery of Hybrid Maize Seed (CP 808) under National competitive bidding – Single Stage Single Envelopeprocedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Chhatradev Rural Municipality or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document in Bank: NRs 3000 (Non Refundable)**
   Name of the Bank: Nabil Bank, Chhatragunj Branch
   Name of Office : Chhatradev Rural Municipality
   Office Code no. : 80551501300
   Office Account no.: 21401017500033
   Rajaswa (revenue) Shirshak no. :14229
5. Pre-bid meeting shall be held at Chhatradev Rural Municipality at 2082/11/20BS on 13:00Hrs.
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00Hrs on 2082/11/29BS (2026/03/13AD). Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:15Hrs on 2082/11/29 BS (2026/03/13 AD). at the office of Chhatradev Rural Municipality. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 60,000/- , which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days)
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Lumbini Province Government

## Road Infrastructure Development Office, Arghakhanchi

## Invitation for Online Bids

Date of publication: 11th February, 2026 (2082-10-28)

Road Infrastructure Development Office, Arghakhanchi invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following works under National Competitive Bidding. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

Information to deposit the cost of bidding document in Bank(NRs. 3000):

Name of the Bank: Rastriya Banijya Bank Ltd., Sandhikharka. Name of the Office: Road Infrastructure Development Office, Arghakhanchi. Office Code No: 3370151015 (Dharauti and Rajaswa) Rajaswa Shrishak No.:- 14229; Rajaswa Account No.: 1000200010000, Last Date of Bid Purchase and Submission:13th March, 2026 (2082-11-29)12:00 Hrs.

| S.N. | Name of Project/Contract No. | Estimated Amount Excl. VAT & Inc. PS | Bid Security Amount with Validity up to 10th July, 2026 |
|---|---|---|---|
| 1 | Ghumti Tingire Sadak ,Ghumti Bhanjyang Neta Motorbato Kalopatre Panini 7/RIDO-ARG-W-NCB-147-2082/083 | 48,35,129.66 | 1,25,000 |
| 2 | Kabira Diverna Jogimare Amile Kodale Chauri Sadak Sandhikharka 11/ RIDO-ARG-W-NCB-148-2082/083 | 48,35,849.83 | 1,25,000 |
| 3 | Bikram Pawora Bhedamare sadak Sitganga 13,14/ RIDO-ARG-W-NCB-149-2082/083 | 41,43,410.02 | 105,000 |
| 4 | Chakla Galdha Jukena Thuladhungre Durbang Sanichaur Sadak/RIDO-ARG-W-NCB-150-2082/083 | 24,15,857.88 | 65,000 |
| **Re-Invitation for Online Bid**<br>Last Date of Bid Purchase and Submission of bid documents: 26th Feb, 2026 (2082-10-14)12:00 Hrs. | | | Validity up to 25th Jun,2026 |
| 1 | DharaSubarnakhalMandremotarbatoSitganga1/RIDO-ARG-W-NCB-121-2082/083 | 24,16,256.89 | 65,000 |
| **Invitation for Online Sealed Quotation**<br>Last Date of Bid Purchase and Submission of quotation documents: 26th Feb, 2026 (2082-10-14)12:00 Hrs. | | | Validity up to 11th May, 2026 |
| 1 | Belaba Aarugaira Mahapokhari Dhungagade Chaupari Chhatradev-03 /RIDO-ARG-W-SQ-151-2082/083 | 16,55,123.06 | 45,000 |
| 2 | Chhedako Thati hudai Sande jane sadak Malarani 01/RIDO-ARG-W-SQ-152-2082/083 | 13,79,998.06 | 35,000 |
| 3 | Rajausa Ghumti Kudapani Amaja Bhartapur motarbato/RIDO-ARG-W-SQ-153-2082/083 | 13,79,304.91 | 35,000 |
| 4 | Procurement of Tools and Safety Gears for Routine Maintenance/ RIDO-ARG-G-SQ-154-2082/083 | 4,87,305.00 | 13,000 |
| 5 | Re-invitation of Kamerepani Thapkot Banjhakhark Bhumikasthan Motorbato/RIDO-ARG-W-SQ-61-2082/083 | 13,79,517.60 | 35,000 |

## Tilottama Municipality
## Office of Municipal Executive
### Kunjalapur, Manigram,Rupandehi

## Invitation for Only Electronic Bids

**Date of Publication: 2082/10/28**

1. Tilottama Municipality, Office of Municipal Executive Invites Electronic Bids/Seal Quotations from Eligible Bidders for fol lowing Projects.

| S.N. | Name of Project | Contract ID. | Estimated Amount (with P.S. & VAT ) | Price Of Bid Document NRs. | Bid Security Amount NRS. & Bid Security Validity Period : 120 Days for NCB & 75 days for SQ | Last Date, Time of bid Submission and Opening | Bank A/C Details (For cost of bid Document & Bid Security Amount) |
|---|---|---|---|---|---|---|---|
| 1. | Bibhinna Sadak Nirman tatha marmay, Tilottama-05, Rupandehi | NCB/TM/W/ 54/082/83 | 2,243,102 | 3,000 | 55,000 | 31st day for NCB, 16th day for SQ & 16th day for Re-Bidding from Publication, before 12:00 hrs and 13:00 hrs Respectively | Name Of Account:- : Tilottama Municipality,Office of Municipal Executive, Manigram,Rupandehi<br>**Account Details.**<br>NIC Asia Bank, Manigram, Rupandehi<br>Rajaswa (Revenue) Khata no:- 1052055499599012,<br>Dharauti Khata no:- A5CA 549959952403 |
| 2. | Adhuro Compound, Sabha Hall and Aadharbhut Swasthya kendra Yojana, Tilottama-09, Rupandehi | NCB/TM/W/ 55/082/83 | 2,53,4875 | 3,000 | 60,000 | | |
| 3. | Bhagwati Marg Pashupati Pathma Nali Sahit Kalopatre Nirman, Tilottama-02, Rupandehi | NCB/TM/W/ 56/082/83 | 3,899,473 | 3,000 | 100,000 | | |
| 4. | Madhawaliya Adhuro Health post Nirman Karya, Tilottama -16, Rupandehi (Re-Bidding) | NCB/TM/W/ 45/082/83 | 2,634,106 | 3,000 | 60,000 | | |
| 5. | Supply, Delivery and Installation of ICT equipments, Tilottama, Rupandehi | NCB/TM/G/ 6/082/83 | 4,593,450 | 3,000 | 1,10,000 | | Office Code :- 801054802 |

2. Eligible Bidders may obtain further information from the (Phone no. 071-562979, website: www.tilottamamun.gov.np) Tilottama Municipality, Office of Municipal Executive , Manigram, Rupandehi or may download bidding document from PPMO's e-GP system www.bolpatra.gov.np/egp under name of Tilottama Municipality, Office of Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid / quotations through PPMO's e-GP system www.bolpatra.gov.np/egp system before above mentioned date & time.
4. Tender Procedures shall follow Public Procurement Act -2063 (with amendment) & Public Procurement Regulation -2064 (with amendment)

**Chief Administrative Officer**



मूर्ति बनाउँदै कालिगढः
दाङको घोराही उप-महानगरपालिका-१७ गैरागाउँस्थित स्वर्गद्वारी हस्तकला घरेलु उद्योगमा शिवरात्रि पर्व नजिकिँएसँगै भगवान् शिवको मूर्ति बनाउँदै कालिगढ । तस्विरः कुलदीप न्यौपाने/रासस

# होटलबाट युवायुवती पक्राउ, धकधईका सटर बन्द



भैरहवा । रूपन्देहीको धकधई र भैरहवामा संयुक्त अनुगमन गरिएको छ । संयुक्त बजार अनुगमनटोली रोहिणी गाउँपालिकाको धकधई क्षेत्र र सिद्धार्थनगरको भैरहवा क्षेत्रमा अवस्थित मासु पसल, सुनचाँदी पसल, खाद्यन्न किराना, कस्मेटिक, होटललगायतमा अनुगमन गरिएको हो ।

जिल्ला प्रशासन कार्यालय रूपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्याको संयोजकत्वमा घरेलु तथा साना उद्योग कार्यालय, वाणिज्य कार्यालय, खाद्य तथा गुण नियन्त्रण कार्यालय, भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, गुणस्तर तथा नापतौल कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, सिद्धार्थनगर नगरपालिका तथा पत्रकारहरूको सहभागितामा भएको अनुगमनमा अधिकांश पसल दर्ता नभएको, मापदण्ड नपुगेको, न्यूनतम मापदण्डहरू पनि पालना नगरेको पाइएकोले केहीलाई सचेत गराइएको र केही बन्द गराइएको अनुगमन समिति संयोजक सहायक प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्याले जानकारी दिए ।

संयुक्त अनुगमनको क्रममा धकधई बजारमा अनुगमन गर्दा केही पसलहरू बन्द गरेर भागेको समेत पाइएकोले ती पसलको निगरानी बढाउन स्थानीय प्रशासनलाई आदेश गरिएको छ । अनुगमनका क्रममा म्याद गुज्रिएको सामान समेत फेला परेकोले त्यसलाई तत्काल नष्ट गरिएको र केही पसलहरूमा व्यावसायिक मूल्यमान्यताविपरीतका गतिविधि भएको पाइएकोले व्यवसायीलाई सचेत बनाउने, चेतावनी दिने जस्ता प्रवर्द्धनात्मक कार्यहरू समेत गरिएको थियो । भैरहवास्थित हाटबजार लाइनका रहेका मासु पसलहरूमा खाद्य स्वच्छताको मापदण्डविपरीत भण्डारण तथा बिक्री वितरण गरेको पाइएको थियो । ति पसलहरूमा सुरक्षित तबरले बिक्री वितरण गर्दा अपनाउनुपर्ने न्यूनतम् व्यवसायिक मापदण्डबारे सचेत गराएको छ ।

भैरहवाको बसपार्कमा अवस्थित एक होटल र डान्सबारमा पनि अनुगमन गरिएको छ, जसका सञ्चालक र केही युवा युवतीलाई पनि नियन्त्रणमा लिई सोधपुछ गरिएको छ ।

कतिपय पसलहरू दर्ता नगरेको, कतिपयले नविकरण नगरेको, सरसफाइमा चरम लापरबाही र मापदण्ड नपुगेकोले समयसीमा तोकी केही पसल बन्द गरी मापदण्डमा आउनका लागि सचेत पनि गराइएको छ । मासु बाहिर नराख्न, बिक्री गर्ने स्थलको सफाइमा विशेष ध्यान दिन, बिक्रीस्थल व्यवस्थापन गर्न समेत व्यवसायीलाई अवगत गराइएको संयुक्त अनुगमन टोलीले जनाएको छ ।

अनुगमन टोलीले शाइन बोर्ड, दर्ता नविकरण, म्याद गुज्रेको सामग्री, मूल्यसूची, लेबलिङ प्याकेजिङ, खरिद बिक्री बिल, गुणस्तर, खाद्य अनुज्ञा पत्र, नापतौल प्रमाण पत्र, सरसफाइ, यस अघिको निर्देशन, मासु पसलको मापदण्ड पालना भए नभएको निरीक्षण गरिएको थियो ।

'अनुगमन मात्रै सबै नभएको भन्दै उपभोक्तहरू पनि सचेत हुन जरूरी रहन्छ । यो संयुक्त बजार अनुगमन कडाइका साथ नियमित रूपमा गरिने छ । समयावधिमा समेत सुधार नपाइए आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने छ ।'-सहायक प्रमुख जिल्ला अधिकारी पाध्याले भने ।

समितिले नियमित रूपले अनुगमन गर्दै आएको छ, विभिन्न माध्यमले आएको उजुरी, गुनासोका आधारमा समेत यि अनुगमनहरू हुने गरेका छन् । बढी खपत हुने खाद्यवस्तु, माछामासु, लत्ताकपडा, भाँडावर्तन, फलफूल, तरकारी, मदिरा, वस्तुगत विज्ञ रहने संयुक्त बजार अनुगमन टोलीले यातायात, राजमार्गका होटल तथा रेस्टुराँ, पसल, दूध, पानी, मिठाइलगायतको अनुगमन गर्दै आएको छ ।

संयुक्त रूपमा अनुगमन गर्दा परिणाममा देखाउन सकिने र उपभोक्ताले पनि महसुस गर्न सक्ने भएकाले संयुक्त बजार अनुगमनलाई प्रशासनले जोड दिँदै आएको छ । कालोबजारी, खाद्य मिसावट, गुणस्तरहीन वस्तुको बिक्रीवितरण हुन सक्ने सम्भावनलाई विशेष निगरानी गर्न पनि संयुक्त रूपमा बजार अनुगमन गर्न जरूरी छ ।

# नेपालको आर्थिक वृद्धिदर ३.५ प्रतिशत मात्रै

बुटवल । चालु आर्थिक वर्षको आर्थिक वृद्धिदर ३.५ प्रतिशतमा सीमित हुने संशोधित अनुमान अर्थ मन्त्रालयले गरेको छ । चालु आव धान उत्पादन, क्षेत्रफल र उत्पादकत्वमा आएको कमी, निर्माण क्षेत्रमा देखिएको सुस्तता र घरजग्गा कारोबारमा आएको गिरावटलगायत कारण बजेटको लक्ष्य अनुसार आर्थिक वृद्धिदर प्राप्त नहुने मन्त्रालयले स्पाष्ट पारेको हो । सरकारले चालु आवको बजेटमार्फत् कुल गार्हस्थ उत्पादन (जीडीपी) को वार्षिक वृद्धिदर ६ प्रतिशत हुने अनुमान गरेको थियो ।

अर्थ मन्त्रालयले बजेटको अर्धवार्षिक समीक्षा गर्दै बजेट आकार घटाएसँगै आर्थिक वृद्धिको लक्ष्य पनि संशोधन गरेको हो ।

मन्त्रालयका अनुसार चालु आवको आर्थिक वृद्धि गत आवभन्दा पनि कम हुने भएको हो । गत आव वृद्धिदर ४.६ प्रतिशत रहेको अनुमान छ । विश्व बैंकले भने चालु आवको आर्थिक वृद्धि झनै थोरै २.१ प्रतिशत सीमित हुने प्रक्षेपण गरेको छ ।

चालु आव सरकारले १९ खर्ब ६४ अर्बको बजेट विनियोजन गरेको थियो । सरकारले खर्च गर्न नसक्ने तथा स्रोत अभाव कारण देखाउँदै अर्धवार्षिक समीक्षामार्फत् उक्त विनियोजित बजेट संशोधन गरेको छ । अर्थ मन्त्रालयले १९ खर्बको बजेटलाई १६ खर्ब ८८ अर्बमा झारेको छ ।

चालु आव २०८२/८३ मा चालु खर्चमा ११ खर्ब ८० अर्ब ९८ करोड, पुँजीगत खर्चमा ४ खर्ब ७ अर्ब ८८ करोड ८० लाख र वित्तीय व्यवस्थामा ३ खर्ब ७५ अर्ब २४ करोड २० लाख गरी जम्मा १९ खर्ब ६४ अर्ब ११ करोड बजेट विनियोजन भएको थियो ।

विनियोजित रकममध्ये २०८२ पुस मसान्तसम्म जम्मा ६ खर्ब ९० अर्ब २१ करोड ७८ लाखमात्र खर्च भएको मन्त्रालयले जनाएको छ । यो खर्च रकम कूल विनियोजनको ३५.१४ प्रतिशत हो ।

संघीय सरकारबाट प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण हुने भौतिक पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य एवं कृषिलगायत खर्च तथा अनुदान प्राप्त गर्ने विभिन्न निकायबाट गरिने पुँजीगत प्रकृतिका खर्चसमेत चालुतर्फ लेखांकन हुने गरेको छ ।

वित्तीय व्यवस्थाबाट गरिने अधिकांश लगानी पुँजी निर्माणमा हुने तर पुँजीगत खर्चमा लेखांकन नहुने भएकाले यसबाट पुँजीगत खर्चको वास्तविक चित्रण हुन नसकेको मन्त्रालयले जनाएको छ ।

वार्षिक बजेट तर्जुमा गर्दा पूर्वतयारी सम्पन्न भएका आयोजनामा न्यून विनियोजन गरी नयाँ आयोजनामा प्राथमिकता दिने गरिएको कारण खर्च बढ्न नसकेको मन्त्रालयले जनाएको छ ।

आयोजना स्थलको जग्गा प्राप्ति, मुआब्जा निर्धारण र वितरण, वन क्षेत्र उपयोग, क्षतिपूर्तिलगायत प्रक्रिया पूरा नभएका आयोजनामा समेत बजेट विनियोजन हुने गरेका कारण खर्च हुने अवस्था नभएको हो ।

त्यसैगरी २३ र २४ भदौको घटना क्रममा १ हजार ६ सय ९३ सरकारी कार्यालयको २ हजार १ सय ३४ भवन र त्यहाँ रहेको अभिलेखमा क्षति पुगेकाले कतिपय हुँदै गरेका काम पनि केही समय रोकिन पुग्दा पुँजीगत खर्च कम हुन गएकाले पनि आर्थिक वृद्धि बजेटको लक्ष्यभन्दा कम हुने मन्त्रालयको भनाइ छ ।

# कांग्रेसले प्रतिज्ञापत्र ल्याउँछ : गगन

बुटवल । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले यस वर्ष हुने प्रतिनिधिसभा निर्वाचनमा पार्टीले घोषणापत्र नभइ प्रतिज्ञापत्र ल्याउने बताएका छन् । सिरहा निर्वाचन क्षेत्र नं. ३ प्रतिनिधिसभाद्वारा आयोजित स्वागत कार्यक्रममा बोल्दै सभापति थापाले यस्तो बताएका हुन् ।

'फागुन २१ गते निर्वाचन हुनेछ, चैतमा सरकार गठन हुनेछ र बैशाख १ गते प्रधानमन्त्रीले उभिएर आफ्नो प्रतिज्ञापत्र सार्वजनिक गर्दै पाँच वर्षभित्र गर्ने कामबारे प्रतिबद्धता जनाउनेछन्,' उनले भने-'भाषण होइन, काम गरेर देखाइन्छ । बैशाख महिनाभरि बनाइएका योजनाको मूल्यांकन जेठ १ गते गरिन्छ । एक-एक महिनामा कामको मूल्यांकन हुन्छ र नागरिकलाई नै मूल्यांकनमा सहभागी गराइन्छ ।'

सभापति थापाले प्रत्येक महिनाको १ गते सरकारको कामको समीक्षा गर्ने प्रणाली लागू गरिने बताए । 'यस्तो सरकार बनाउन सकिन्छ । समय पनि छ । तर यसका लागि उत्साह, अनुभव, जोश, होस र सम्हाल्ने क्षमता चाहिन्छ ।'- थापाले भने ।

उनले थप भनेका छन्-'केवल उखान टुक्का र भत्काउने कुरा गरेर हुँदैन, सबैलाई मिलाएर अघि बढाउने क्षमता चाहिन्छ, जुन क्षमता नेपाली कांग्रेस र मसँग छ ।'

उनले नेपाली कांग्रेसका उम्मेदवारले प्रत्येक जिल्लामा गरेका वाचा पूरा हुने दाबी गर्दै त्यसको जिम्मेवारी आफूले लिने पनि बताए । तर त्यसका लागि जनताले पहिले जिताएर पठाउनुपर्ने उनको जोड थियो ।

'हामी सपना बोकेर आएका छौं । देशभरिका आमाको अनुहारमा मुस्कान ल्याउन चाहन्छौं, युवालाई भरोसा दिन चाहन्छौं र साथीहरूलाई 'नेपाली हुँ' भन्ने गर्व दिलाउन चाहन्छौं,' थापाले भने-'त्यसका लागि जनताको साथ आवश्यक छ ।'

उनले युवाहरूकै लागि आफू जोखिम मोलेर पार्टीको सभापति बनेको पनि बताए ।

# रूपन्देही उद्योग संघमा सः मिल वस्तुगत समिति गठन



बुटवल । रूपन्देही उद्योग संघमा आबद्ध सः मिल उद्योगीहरूको भेलाले मंगलबार सः मिल वस्तुगत समिति गठन गरेको छ ।

संघमा आबद्ध विभिन्न वस्तुगत उद्योगीहरूको भेलाबाट छुट्टाछुट्टै वस्तुतगत समिति गठन गर्ने वार्षिक कार्ययोजना बमोजिम सः मिल वस्तुगत समिति गठन गरिएको हो । संघका प्रथम उपध्यक्ष एवम् कार्यक्रम संयोजक हरिबहादुर खत्रीको अध्यक्षतामा आयोजित भेलामा संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीको प्रमुख आतिथ्यता रहेको थियो ।

भेलालाई सम्बोधन गर्दै संघका अध्यक्ष पराजुलीले विभिन्न प्रकृतिका उद्योगहरूका समस्यालाई एकीकृत गर्ने र समस्या समाधानका लागि संघबाट पहल गर्न सहज हुने हुँदा संघमा आबद्ध उद्योगीहरूको प्रकृतिअनुसार छुट्टाछुट्टै भेलाको आयोजना गरी आ–आफ्ना क्षेत्रका अनुभव र समस्याहरूलाई संघसम्म ल्याई पुरयाउन विगत लामो समयदेखि वस्तुतग समिति गठन गर्ने कार्यक्रम जारी रहेको बताए । उनले संघका गतिविधिहरूलाई सफल बनाउन वस्तुगत समितिहरूको क्रियशिलता र जिम्मेवारी अत्यन्तै ठूलो रहेको समेत जनाए ।

सःमिल उद्योगीहरूको भेलाले दिक्षा सःमिलका हीरा बहादुर के.सीको संयोजकत्वमा ७. सदस्यीय सःमिल वस्तुगत समिति गठन गरेको छ । गठित समितिको सहसंयोजकमा दाउन्ने सःमिलका हरिप्रसाद भण्डारी, सचिवमा आश्मा एण्ड आयुषा सःमिलका भुन्नुर प्रसाद थारू, सदस्यहरूमा सापकोटा सः मिलका सुरेन्द्र सापकोटा, जय सन्तोषी माँ सः मीलका सन्तोषकुमार जैसवल, सौगात सःमिल एण्ड फर्निचरका सन्दिप ढुंगाना र नव पोखरेल सःमिलका शंकर पोखरेल रहेका छन् । भेलाले समितिको सल्लाहकारहरूमा संघका प्रथम उपाध्यक्ष हरिबहादुर खत्री, कार्यसमिति सदस्य तेजप्रसाद पराजुली, नेपाल वनपैदबर उद्योग व्यवसाय संघ रूपन्देहीका अध्यक्ष नवलकिशोर सिंह ,वरिष्ठ उद्योगी वसन्त रोक्का र कुसुम खनाललाई चयन गरेको छ ।

भेलामा प्रतिबद्धता मन्तव्य राख्दै हिराबहादुर केसीले आफूलाई विश्वास गरी संयोजकको जिम्मेवारी दिनु भएकोमा रूपन्देही उद्योग संघ तथा सः मिल उद्योगीहरू प्रति आभार व्यक्त गर्दै सः मिल उद्योग संचालनमा आएका कठिनाईहरूलाई समाधानका लागि सम्बन्धित निकायमा पहलका लागि रूपन्देही उद्योग संघमार्फत् क्रियाशिल रहने भनाइ व्यक्त गरेका थिए । संघका द्वितीय उपाध्यक्ष युवराज आचार्यले धन्यवाद ज्ञापन गरेका थिए ।

महासचिव सुमन बस्यालको सञ्चालनमा सम्पन्न भेलामा नेपाल वनपैदाबर उद्योग व्यवसाय संघ रूपन्देही का अध्यक्ष नवलकिशोर सिंहले शुभकामन मन्तव्य दिएका थिए । संयोजक हरिबहादुर खत्रीले स्वागत गर्दै कार्यक्रमको उद्देश्यका बारेमा प्रकाश पारेका थिए । भेलामा संघका कोषाध्यक्ष विशाल बेलबासे, सचिव अशोक कुँवर, कार्यसमिति सदस्य तेजप्रसाद पराजुली एवम् सःमिल उद्योगीहरूको उपस्थिति रहेको थियो ।

# खुद्रा किराना व्यवसायी पौडेलको पक्षमा

बुटवल । प्रतिनीधिसभा निर्वाचनमा नेपाली काँग्रेसको तर्फबाट रूपन्देही क्षेत्र नं. २ मा उम्मेदवार बनेका चुन्नप्रसाद पौडेलले मंगलबार बुटवलमा किराना व्यवसायीहरूसँग अन्तरक्रिया गरेका छन् । त्यसक्रममा किराना व्यवसायीहरूले उम्मेदवार पौडेललाई हेर्दा किराना व्यवसायीहरूकै अनुहार झल्किएको बताउँदै आफूहरूको पूर्ण साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । यो निर्वाचनमा आफूहरूले पार्टी नभनेर व्यवसायिका प्रतिनिधिलाई जिताउने समेत प्रतिबद्धता व्यक्त गरे ।

त्यस अवसरमा बोल्दै खुद्रा किराना व्यवसायी संघका अध्यक्ष गोपालकुमार प्रधानको अध्यक्षतामा भएको कार्यक्रममा संघका सल्लाहकार कृष्णप्रसाद पाण्डे, महासचिव यमलाल बेलबासेलगायतल खुद्रा किसाना व्यवसायीहरूले चुन्नलाई जिताउँदा आफूहरूको पहिचान पनि स्थापित हुने र व्यवसायीका समस्या समाधानका लागि पनि परिवारकै सदस्य भएकाले सहज हुने विश्वास सहित साथ र सहयोग रहने प्रतिबद्धता जनाए ।

कार्यक्रममा बोल्दै उम्मेदवार चुन्नप्रसाद पौडेलले आफू खुद्रा किराना व्यवसायबाट यो उद्योगीको पहिचान बनाएको बताउँदै आफू उठेको धरातलको समस्यसँग परिचित रहेको र समाधानमा लाग्ने प्रतिबद्धता व्यक्त गरे । उनले व्यवसायीका समस्या समाधानका लागि गर्नुपर्ने नीतिगत सुधारका लागि व्यवसायीहरूसंगै बसेर समाधानको मार्गचित्र बनाउने पनि प्रतिबद्धता व्यक्त गरे ।

त्यस अवसरमा नेपाली काँग्रेस रूपन्देही क्षेत्र नं. २ का सभापति तथा निर्वाचन परिचालन मुल समितिका संयोजक प्रजापाल गिरीले उम्मेदवार पौडेल उद्योगी व्यवसायीका अभिभावक रहेको बताउँदै उनको जितले यस क्षेत्रको औद्योगिक तथा व्यवसायिक विकास ठूलो योगदान पुग्ने विश्वास व्यक्त गरे । उनले नेपाली काँग्रेस सुजबुझपूर्ण रूपमा यो देशको विकास र समृद्धिका यात्रामा रहेकाले यो देशको समृद्धि र विकासका लागि पनि चुन्नप्रसाद पौडेललाई रूख चिन्हमा मतदान गरि विजयी गराउनु आग्रह गरे ।

विभिन्न राजनीतिक दल परित्याग गरि बुटवलका विभिन्न वडाबाट युवाहरू नेपाली काँग्रेसमा प्रवेश गरेका छन् । मुलुकको विकासमा स्थिर र प्रतिवद्ध पार्टी नेपाली काँग्रेस मात्रै रहेको निश्कर्षसहित माओवादीको द्वन्द्वमा भूमिगत जीवन विताएकाहरू समेत गरी २४ जना युवाहरू काँग्रेसमा प्रवेश गरेका हुन् । देशप्रतिको निष्ठा र विकास प्रतिको समर्पण नेपाली काँग्रेसमा मात्रै देखेर आफूहरू पार्टीमा प्रवेश गरेको उनीहरूले बताएका छन् । उनीहरूलाई नेपाली काँग्रेसका तर्फबाट रूपन्देही क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्य उम्मेदवार चुन्नप्रसाद पौडेल, क्षेत्रीय सभापति प्रजापाल गिरीलगायतका काँग्रेस नेताहरूले मंगलबार बुटवल उप-महानगरपालिका वडा नं. ८ मा आयोजना गरिएको कार्यक्रममा पार्टीमा प्रवेश गराएका थिए । त्यसैगरी मंगलबार नै तिलोत्तमा नगरपालिका वडा नं. २ मा पार्टीको प्रचारप्रसार सम्पर्क कार्यालय उद्घाटन गरिएको छ ।

# १४ वर्षमा १७ खर्ब १६ अर्ब रुपैयाँ बराबरका परियोजना स्वीकृत

बुटवल । लगानी बोर्ड नेपालले स्वीस च्यालेन्ज र हाइब्रिड एन्युइटी मोडेलमा आधारित पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी परिचालन गर्ने कार्य अघि बढाउने भएको छ ।

लगानी बोर्डले ग्रिन ग्रोथ नेपालसँगको सहकार्यमा काठमाडौंमा आयोजना गरेको कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत (सीइओ) ज्ञवालीले लगानी बोर्डले आह्वान नगरिएका प्रस्ताव पनि अघि बढाउने तयारी गरेको र त्यसका लागि बोर्डले स्वीस च्यालेन्ज विधिबाट प्रस्ताव मूल्यांकन कार्यविधि मस्यौदा तयार पारेको जानकारी दिए ।

मस्यौदामा जुनसुकै क्षेत्रमा पनि आह्वान नगरिएको प्रस्तावका रूपमा पेस गर्न सकिने र आएका प्रस्तावलाई प्रतिस्पर्धाका आधारमा अघि बढाउन सकिने उल्लेख छ ।

सीईओ ज्ञवालीले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभिन्न तहमा नयाँ-नयाँ विषय तथा नवप्रवर्तन भइरहेकाले कार्यविधिबाट व्यवस्थित गर्दा लगानीका क्षेत्रमा वृद्धि हुने विश्वास व्यक्त गरे ।

त्यसैगरी हाइब्रिड एन्युइटी मोडेलले सडक, पुल, जलविद्युत्, ट्रान्समिसन लाइन, फोहोर व्यवस्थापन जस्ता ठूला परियोजना छिटो अघि बढाउन, सरकार र निजी क्षेत्रको लागत र जोखिम बाँडफाँट गर्न, गुणस्तरीय निर्माण गर्न लगायत सहयोग पुऱ्याउने जनाइएको छ ।

बोर्डले हाइब्रिड एन्युइटी मोडेल सम्बन्धी कार्यविधिको पनि मस्यौदा तयार पारेको छ । सोही अवसरमा सीइओ ज्ञवालीले ६ अर्ब रुपैयाँ वा त्यसभन्दा बढी लागत भएका सार्वजनिक-निजी साझेदारी (पीपीपी) का सबै परियोजना स्वीकृत लगानी बोर्डबाट हुने बताए ।

६ अर्ब रुपैयाँ वा त्यसभन्दा माथिका परियोजना बोर्डले स्वीकृत गरे पनि विषयगत विज्ञता र क्षमताका आधारमा कार्यान्वयनका लागि अरू निकायलाई पठाउन सकिने उनको भनाइ छ ।

'६ अर्ब रुपैयाँभन्दा तलका परियोजना सम्बन्धित निकायले बढाउन सक्छन्,' ज्ञवालीले भने-'लगानी वृद्धि र प्रभावकारी परिणाम महत्त्वपूर्ण हुन्, त्यसैले आवश्यकता अनुसार विषयगत विज्ञता र प्राविधिक सहयोग लगानी बोर्डले उपलब्ध गराउने छ ।'

उनले पीपीपी परियोजना अघि बढाउन स्थानीय र प्रदेश सरकारलाई पनि लगानी बोर्डले सहयोग गर्ने जानकारी दिए । संघ, प्रदेश र स्थानीय तहमा बढीभन्दा बढी लगानी वृद्धि होस् भन्ने पक्षमा बोर्ड रहेको उल्लेख गर्दै उनले जहाँबाट कार्यान्वयन गरे पनि हुने धारणा व्यक्त गरे ।

१६औं पञ्चवर्षीय योजनाले लिएका राष्ट्रिय लक्ष्य तथा उद्देश्य पूरा गर्न १ सय १२ खर्ब रुपैयाँ लगानी गर्नुपर्ने भन्दै उनले त्यसमा ७४ खर्ब रुपैयाँ निजी क्षेत्रबाट परिचालन गर्नुपर्ने बताए ।

निजी क्षेत्रको लक्ष्य हासिल गर्न निकै ठूलो मिहिनेत गर्नुपर्ने सीइओ ज्ञवालीको भनाइ छ । लगानी बोर्डले १४ वर्षमा १७ खर्ब १६ अर्ब रुपैयाँ बराबरका परियोजना स्वीकृत गरेको छ ।

कार्यक्रममा लगानी बोर्ड नेपालका सह-सचिव सुनिता नेपालले स्वीस च्यालेन्ज विधिले निजी क्षेत्रको लगानी वृद्धिमा थप सहयोग पुऱ्याउने बताइन् ।

बेलायती दूतावासका प्रतिनिधि साम फेलले आर्थिक क्षेत्रमा देखापरेको अन्तरलाई कम गर्न र परियोजनाको प्रभावकारी परिणामका लागि पीपीपी महत्त्वपूर्ण भएको बताए ।

कार्यक्रममा स्वीस च्यालेन्ज विधि, पीपीपी र हाइब्रिड एन्युइटी मोडेल सम्बन्धी कार्यपत्र प्रस्तुत गरी विज्ञ र सम्बन्धित मन्त्रालय तथा निकायका अधिकारीबिच छलफल गरिएको थियो । कार्यक्रममा सरोकारवाला मन्त्रालय, विभाग तथा निकायका कर्मचारीका साथै विज्ञहरूको सहभागिता थियो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com